# न्यायिक समितिको न्याय निरूपण प्रक्रिया

https://doi.org/10.3126/tej.v11i1.54441

**रमेश अधिकारी**

ramesh.adhikari@gc.tu.edu.np

**Article History**

| Received | Revised | Accepted |
|---|---|---|
| 20th December, 2022 | 22nd January, 2023 | 5th February, 2023 |

## लेखसार

नेपालमा सङ्घीयताको अभ्याससँगै नयाँ नयाँ कार्य पद्धतिहरू कार्यान्वयनमा आएका छन् । स्थानीय तहमा न्यायिक समितिको गठन र न्यायिक समिति मार्फत न्याय निरूपण गर्ने प्रक्रियाको थालनी यसैको एउटा उदाहरण हो । न्यायिक समिति र यसको न्याय निरूपण प्रक्रियामा केन्द्रित रहेर यस लेखले पालिकाहरूमा नवीन निकायका रूपमा स्थापित न्यायिक समितिको न्याय निरूपण प्रक्रियालाई विस्तृत रूपमा अध्ययन गरी एउटा निष्कर्षमा पुग्ने प्रयास गरेको छ । यस लेखको उद्देश्य न्यायिक समितिको न्याय सम्पादनको अवस्थाको पहिचान गर्नु र न्यायिक समिति मार्फत भएका न्याय निरूपणको प्रभाव विश्लेषण गर्नु रहेको छ । गुणात्मक अनुसन्धान विधिमा आधारित रहेको यस अध्ययनमा उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरी अध्ययनका सहभागीको छनोट गरिएको छ भने आवश्यक तथ्याङ्क तथा जानकारी अन्तर्वार्ता, टेलिफोन सम्पर्क र पुस्तकालय अध्ययनवाट सङ्कलन गरिएको छ । उक्त तथ्याङ्कलाई व्यवस्थित रूपमा विभिन्न शीर्षक र उपशीर्षक राखी सिलसिलेवर रूपमा विश्लेषण गरी प्रस्तुत गरिएको छ । अध्ययनको क्रममा प्राप्त भएका तथ्याङ्क विश्लेषणका आधारमा स्थानीय तहको न्यायिक समितिमा दर्ता भएका विवादहरूलाई न्यायिक समितिले मेलमिलापको माध्यमबाट निरूपण गरेको र मेलमिलाप हुन नसकेका विवादहरूलाई आफैले निरूपण गरेको देखिन्छ । स्थानीय तहबाटै न्याय निरूपण हुँदा सेवाग्राहीले बढी समय र झन्झट खेप्नु नपरेको र मेलमिलापमार्फत गरिएको न्याय निरूपणले समाजमा सामाजिक सद्भाव र सहिष्णुताको भावनाको विकास गराएको देखिन्छ । न्यायिक समितिले स्थानीय स्तरमा न्याय निरूपण गरेर देशको सङ्घीयताको अनुभूति आम जनमानसमा दिलाउन प्रयत्नरत रहेको देखिन्छ । यसबाट देशमा न्यायको क्षेत्रमा सर्वसाधारण जनताले लिनुपर्ने परामर्श, गर्नुपर्ने विचार विमर्श तथा काम, कर्तव्यका सन्दर्भमा जनचेतना अभिवृद्धि हुँदै गएको, आपराधिक गतिविधिहरू गाउँ परिवेशमा कम हुने गरेका र जटिल प्रकृतिका मुद्दा बाहेक सामान्य विवादहरूलाई स्थानीय निकायमार्फत समाधान गरेको पाइयो । पाप्तिका आधारमा न्यायिक समितिको भूमिका प्रभावकारी बन्दै गइरहेको हुनाले सङ्घीय शासन पद्धतिलाई सापेक्षित रूपमा प्रभावकारी बनाउनका लागि पनि न्यायिक समितिलाई अधिकार सम्पन्न वनाई न्याय निरूपणका लागि आवश्यक पर्ने ज्ञान सीप र प्रशिक्षण प्रदान गर्नु आवश्यक देखिन्छ ।

**मुख्य शब्दावली**: न्यायिक समिति, संघीय शासन प्रणाली, न्यायनिरूपण, शक्तिपृथकीकरण, अधिकार प्रत्यायोजन ।

## विषय प्रवेश

नागरिकको घर दैलोको सरकार भनेको स्थानीय सरकार हो । नागरिकका गास, बास, कपासका समस्यादेखि लिएर स्थानीय स्तरको विकास निर्माण, अवसर र सम्भावना समेतको सम्बोधन गर्ने दायित्व र जिम्मेवारी बोकेको पहिलो सरकार भएकाले यसमा विभिन्न प्रकारका समस्याहरू आउँछन् । यी विभिन्न पक्षसँग जोडिएका विविध विषयहरूलाई जनताको घरदैलोमा नै न्याय निरूपण गर्न सकियोस भन्ने उद्देश्यका साथ न्यायिक समितिको व्यवस्था गरिएको हो (प्रतिवेदन : २०७७) । लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि स्थानीय तहको सुदृढीकरणको थालनी गर्ने र सरल तथा सहजरूपमा न्याय निरूपण एवम् न्यायमा नागरिकको पहुँच स्थापित गर्नका साथै स्थानीय नेतृत्वको विकास गर्न स्थानीय न्यायिक समितिको अपरिहार्यतालाई आत्मसात गरिएको हो । यस समितिले जनताको अधिकारमा आघात परेको भए छिटो छरितो रूपमा स्थानीय स्तरमा नै उपचार दिलाउँछ । जोखिममा रहेको समुदाय, आर्थिक, सामाजिक, भौगोलिक वा शैक्षिक दृष्टिले पछाडि परेका लिङ्ग, जाति, भाषा, धर्म, क्षेत्र तथा उमेर समूह आदिको न्यायमा पहुँच दिलाउन र स्थापित गर्नको लागि स्थानीय तह अन्तर्गत रहेको न्यायिक समितिको भूमिका अत्यन्तै

महत्वपूर्ण हुने गर्दछ । नेपालमा सङ्घीयता कार्यान्वयन हुनु अगाडि स्थानीय एकाइ र संरचनाहरूलाई केही सीमित अधिकार दिइएको थियो (श्रेष्ठ, २०६६) । निर्धारित अधिकारको आधारमा समाजका विभिन्न आकार तथा स्वरूपमा यिनीहरूले न्यायिक कार्य गर्दथे । सर्वप्रथम वि.स.१९८३ साल वैशाख २७ गतेको सनदमा गाउँ घर मा उठेका मुद्दाहरू जुन ऐनले मिलाउन हुने भएमा गाउँघरमै मिलाइदिनका लागि पञ्चायत खडा गरिदिए राम्रो हिसाबसँग काम थाल्ने र रैती दुनियालाई सुविस्ता हुन सक्ने साथै सो अनुसार चोर डाँकाको बचाउ गर्ने, जग्गा आवाद गराउने, बाँध कुलो पानीको हेरविचार बन्दोबस्त गर्ने, मिल्ने भए मेलमिलाप गराउने र नमिले अदालत अमिनमा पठाउने अख्तियारी दिएको पाइन्छ । यसरी नै वि.स.१९८७ मा पञ्चायत खडा भएपछि रैती दुनियालाई सहज भयो र उपत्यकाभित्र रहेका ९ वटा पञ्चायतबाहेक अन्य जिल्लाका रैतीहरूले समेत जाहेरी गरी माग गरे काले विस्तार भएको पाइन्छ (श्रेष्ठ, २०७४) । मुद्दाहरू मिलापत्र गराई दिने र मिलाउन नसकेमा १०० रूपियाँ सम्मको बिगो तथा २५ रूपियाँसम्म दण्ड हुने भए पञ्चायतबाट फैसला गर्न पाउने, पञ्चायतको क्षेत्राधिकार भित्रका मुद्दामा सिधै अदालत जान नपाइने, यसको अपिल जिल्ला गौँडा, गोस्वाराबाट हुने प्रबन्ध थियो । यसपछि क्रमशः पञ्चायती अदालत ऐन, २००६ र गाउँ पञ्चायत ऐन, २००६ मा प्रदान गरिएको अधिकार र यसको प्रयोग, गाउँ पञ्चायत ऐन, २०१३ र २०१८ मा पनि सोही अनुसार यसअघि जस्तै गरी अधिकार दिइएको थियो (श्रेष्ठ र उप्रेती, २०७५) । गाउँ विकास समिति ऐन, २०४८ ले यस अगाडिका मुद्दाहरूको निरन्तरता र मिलापत्रमा जोड दिएको देखिन्छ भने स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास वा नगरपालिका क्षेत्रभित्रका मुद्दाहरूको सुरू कारबाही र किनारा गर्ने अधिकार प्रदान गरिएको थियो । यस्ता अभ्यास र अनुभवहरू सँगाल्दै नेपलामा सङ्घीय शासन व्यवस्थाको थालनी गरियो र सिङ्गो देशलाई सात प्रदेश र ७५३ वटा स्थानीय तहमा विभाजन गरियो । नेपालको संविधान २०७२ को धारा २१७ मा स्थानीय तहमा न्यायिक समितिको व्यवस्था गरिएकोले सोही आधारमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भयो र ऐनको दफा ४६ मा न्यायिक समितिको क्षेत्राधिकार तोकियो (स्थानीय सरकार सञ्चालन ऐन, २०७४) । फलस्वरूप स्थानीय तहमा नितान्त फरक दायित्व र जिम्मेवारी रहेको एउटा न्यायिक समिति स्थापना भई कार्यान्वयनमा आएको छ । यो संस्था स्थानीय स्तरको न्यायिक क्षेत्रमा एउटा पवित्र संस्थाको रूपमा रहिआएको छ ।

नेपालमा वर्तमान समयमा परम्परागत रूपमा प्रचलनमा रहेका वैकल्पिक न्याय निरूपणका पद्धतिहरूलाई आधार मान्नुका साथै अन्तर्राष्ट्रिय अभ्याससमेतलाई दृष्टिगत गरी स्थानीय तहको न्यायिक निरूपण गर्ने कार्यको लागि सम्पूर्ण गाउँपालिकाहरूमा उपाध्यक्ष र नगरपालिकाहरूमा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समितिको गठन गरी कार्यान्वयनमा ल्याइएको छ । स्थानीय तहमा अदालत राख्नुभन्दा विवाद समाधानका लागि वैकल्पिक न्याय निरूपण पद्धति अवलम्बन गरिएको छ जुन सरल, सहज र जनमुखी बन्ने अपेक्षा राखिएको छ । समितिलाई विवादको प्रकृति अनुसार क्षेत्राधिकार तोकिएको हुँदा सो अनुसार यसले दुई किसिमका विवाद निरूपण गर्ने अधिकार राख्छ । पहिलो मेलमिलाप हुन नसकेमा आफैले निरूपण गर्ने विवादमा आली, धुर, बाँधपैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग, अर्काको बाली नोक्सानी गरेको, चरन, घाँस, दाउरा, ज्याला मजदुरी नदिएको लगायतका छन् भने दोस्रोमा न्यायिक समितिले मेलमिलापको माध्यमबाट मात्र निरूपण गर्ने विवादमा सरकारी, सार्वजनिक वा सामुदायिक बाहेकका जग्गा अर्कोले च्यापी, मिची वा घुसाई खाएको, आफ्नो हक नपुग्ने अरूको जग्गामा घर वा कुनै संरचना बनाएको, पतिपत्नी बिचको सम्बन्ध बिच्छेद आदि विवादहरू राखिएका छन् (स्थानीय सरकार सञ्चालन ऐन :२०७४) ।

## समस्याको कथन

स्थानीय स्तरमा न्याय सम्पादन, न्याय सरल, सहज, छिटो र कम खर्चिलो, व्यावहारिक, वास्तविक, आफूले निर्वाचित गरेका प्रतिनिधिबाट न्याय प्रवाह, मेलमिलापलाई विशेष प्रोत्साहित गर्ने प्रणाली, अनौपचारिक माध्यम, स्वच्छ सुनुवाइको सुनिश्चितताको लागि न्यायिक समिति गठन र त्यसमार्फत् न्याय निरूपण गर्ने संरचना बनाई कार्यान्वयनमा ल्याईएको पाइन्छ । न्याय गर्नु र न्याय पर्नु एउटै विषय होइनन् । समाजमा न्यायका सर्वमान्य

सिद्धान्त, प्राकृतिक न्यायको सिद्धान्त र विवेकको उच्चतम प्रयोग गरेर न्याय सम्पादन गर्न सक्नुपर्छ । न्यायिक समितिप्रति आम जनमानसको विश्वास र जनसमर्थन भने यसको प्रभावकारी कार्य सम्पादन तथा पारदर्शिता जस्ता विषयसँग जोडिएको छ । यो हाम्रो लागि विशुद्ध नयाँ अभ्यास पनि हो । नयाँ अभ्यास सँगसँगै त्यसको प्रभावकारिता तथा प्रयोगको अध्ययन हुनु आवश्यक छ । तथापि स्थानीय स्तरमा न्याय निरूपण अभ्यास कार्यान्वयन भएको ५ वर्ष बितिसक्दा पनि न्यायिक समितिको न्याय निरूपण प्रक्रियाको अवस्था र प्रभावको बारेमा खोज अनुसन्धान भएको देखिँदैन । यस सन्दर्भमा केन्द्रित रहेर प्रस्तुत अध्ययनले न्यायिक समितिको न्याय निरूपणको अवस्था के छ ? यसबाट प्राप्त उपलब्धिबाट आम मानिसहरू के कति सन्तुष्ट भएका छन् ? र न्यायिक समितिको भूमिका कस्तो हुनुपर्दछ ? भन्ने प्रश्नहरू उठान गरी आवश्यक सूचना, तथ्य, जानकारीहरू प्रस्तुत गरेको छ । यस अध्ययनले गोरखा नगरपालिकाको न्यायिक समितिलाई केन्द्रमा राखेर उक्त समितिको न्याय निरूपणको अवस्था र प्रभावको बारेमा सम्बन्धित सरोकारवालासँग छलफल गरी विश्लेषण गर्न आवश्यक देखिएकोले छलफलद्वारा निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । मलतः यस अध्ययनले स्थानीय तहमा रहेको न्यायिक समितिको न्याय सम्पादनको अवस्था कस्तो छ र न्यायिक समितिबाट गरिएको न्याय निरूपणको प्रभाव के कस्तो रहेको छ भन्ने दुई प्रश्नलाई सम्वोधन गरेको छ ।

## अध्ययनको उद्देश्य

यस अध्ययनको लागि निम्नलिखित उद्देश्यहरू राखिएको छ :

(क) न्यायिक समितिको न्याय सम्पादनको अवस्थाको पहिचान गर्नु,

(ख) न्यायिक समितिको न्याय निरूपणको प्रभाव विश्लेषण गर्नु ।

## पूर्वसाहित्यको अध्ययन

यस अनुसन्धान कार्यको विश्वसनीयता र सान्दर्भिकता वृद्धि गर्न एवम् अध्ययनसँग सम्बन्धित सिद्धान्त तथा अभ्यासलाई अध्ययनको समस्यासँग जोड्न केही पूर्वकार्यको समीक्षा गरिएको छ ।

सिद्धान्तकार रोन्डिनिल्ली (Rondinilli) को सिद्धान्तले प्रजातान्त्रिक विकेन्द्रीकरणले समाजमा प्रजातान्त्रिक शासन व्यवस्था लागु गर्न राज्य-समाज पुनर्संरचनाको महत्वपूर्ण घटकको रूपमा नागरिकहरूको आवश्यकता र प्राथमिकताहरूप्रति नागरिकको सहभागिता र उत्तरदायित्व समावेश गर्दछ (Rondinelli, 1983) । उनको सिद्धान्तको आशय हो– तपाइँको अधिकार प्रयोग गर्न कसैलाई जिम्मा दिइयो र त्यसबाट तपाइँले केही दिनु पऱ्यो भने त्यो तपाइँको हो कि उसले दिएको ? यद्यपि यसका पनि सीमा छन् जसको निर्धारण कार्य जिम्मेवारी अनुसार फरक हुन्छ । एकात्मक शासन व्यवस्थामा माथिबाट दिएको अधिकार भनिन्छ भने सङ्घीयतामा आफ्नो अधिकार क्षमता अनुसार प्रयोग गर्ने गरी लिएको भनिन्छ ।

सङ्घीय शासन प्रणाली लोकतान्त्रिक राजनीतिक परिपाटीको एक अभिन्न अङ्ग हो । यस व्यवस्थाअनुसार तहगत सरकारहरूले सहभागिताका आधारमा निर्णय गर्ने अधिकार विभाजन गर्ने हुनाले प्रत्येक तहको सरकारलाई क्षमतानुसार काम, कर्तव्य र अधिकार निर्धारण गरिएको हुन्छ । यसबाट विविधतायुक्त सार्वजनिक सेवा प्रवाह, राजनीतिक सहभागिता तथा आर्थिक कार्यमा सहभागिता बढाई दक्ष र प्रभावकारी शासन सञ्चालन गर्न सहज हुन्छ (श्रेष्ठ, २०६६) ।

शक्ति पृथकीकरणको सिद्धान्तका व्याख्याता मन्टेशक्यु (Montesque) का अनुसार लोकतान्त्रिक शासन प्रणालीमा स्वतन्त्र र पृथक अधिकार हुने सरकारका प्रमुख ३ अङ्ग कार्यपालिका, व्यवस्थापिका वा विधायिका र न्यायपालिकाको अधिकार कुनै एउटा संस्था एवम् व्यक्तिमा निहित हुनु भनेको न्याय, स्वतन्त्रता र समानताको अन्त्य हुनु हो (Kenton, 2021)। जब एउटै व्यक्तिमा वा संस्थामा कार्यकारी, विधायिका र न्यायिक अधिकार निहित हुन्छ त्यहाँ न्याय मर्छ र अत्याचार सुरू हुन्छ । लोकतन्त्रमा शक्ति पृथकीकरण एवम् नियन्त्रण र सन्तुलन आवश्यक हुन्छ । राजनीतिक, आर्थिक, प्रशासनिक तथा स्थानीय स्रोत परिचालन र विकास सम्बन्धी जिम्मेवारी वहन गर्नुपर्ने स्थानीय

सरकारको उपप्रमुखलाई सो क्षेत्रभन्दा बेग्लै न्यायिक समितिको संयोजकको जिम्मेवारी दिनु सर्वथा असङ्गत विषय हो । यो काम लोकतन्त्रको महत्वपूर्ण मान्यताको रूपमा रहेको शक्ति पृथकीकरणको सिद्धान्तको विपरीत छ (Diamond,2004) ।

शक्तिको कमजोर पृथकीकरणले निष्पक्षता तथा कानुनको दृष्टिमा नै सबै समान हुने विषयमा शङ्का जन्माएको छ। किनभने न्यायिक समितिको संयोजक उपप्रमुख/उपाध्यक्ष जनताबाट निर्वाचित राजनीतिक व्यक्ति भएको र निजले स्थानीय तहमा विवाद समाधानको प्रक्रियामा बारम्बार राजनीतिक तथा अन्य दबाबहरू खेप्नुपरेको देखिन्छ। यसले भर्खरै कार्यान्वयनमा आएको सङ्घीय अभ्यासलाई कमजोर बनाउने, स्थानीय सरकारको प्रभावकारिता, विश्वसनीयता गुम्ने र न्याय खोज्ने व्यक्तिमा पनि नकारात्मक असर पर्दछ (नेपालमा न्यायिक समिति, मिति नखुलाइएको) ।

फिलिपिन्सको स्थानीय न्यायिक प्रणालीमा स्थानीय नगरबासीबाट तीन वर्षको लागि नियुक्त हुने निर्वाचित प्रतिनिधिले नेतृत्व गर्ने १० देखि २० जना सदस्य हुने व्यवस्था रहेको छ। नेपालको न्यायिक समितिमै उक्त न्यायिक प्रणालीको कार्यादेश पनि विवाद समाधानको पहिलो विकल्पका रूपमा मेलमिलाप नै हो । यसबाट विवाद समाधान हुन नसकेमा मध्यस्थता तथा न्यायिक निरूपणका लागि उच्च अदालतहरूमा लैजान पाइन्छ (फिलिपिन्सको स्थानीय सरकार ऐन, १९९१) ।

दक्षिण अफ्रिका र नेपालका स्थानीय सरकारहरूको स्वरूप र संरचनामा धेरै कुराहरूमा समानता छ । खासगरी स्थानीय तहलाई अधिकार सम्पन्न बनाउने हिसाबमा दुवै मुलुकको संविधानमा एकरूपता पाइन्छ । तर दक्षिण अफ्रिकामा त्यहाँको स्थानीय तहलाई न्यायिक अधिकार दिइएको छैन (श्रेष्ठ र वाग्ले, मिति नखुलाइएको) ।

न्यायिक समितिले समाधान गरेका विवादहरू केलाउँदा न्यायिक समितिको क्षेत्राधिकार भित्र नपर्ने न्यायिक समितिलाई अधिकार नभएका विवादहरू समाधान गरेको पाइन्छ । कानुनले दिएको अधिकार क्षेत्र भन्दा बाहिर गएर कार्य गर्ने अधिकार कुनै पनि व्यक्ति अधिकारी वा निकायलाई हुँदैन । न्यायिक समितिले आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गएर कानुनले अधिकार नदिएको विषयलाई "अधिकार क्षेत्र" ग्रहण गर्न मिल्दैन (प्रतिवेदन, २०७७) ।

## अध्ययन विधि

यो अध्ययन गुणात्मक विधिमा आधारित छ । गुणात्मक अनुसन्धानले कार्य सञ्चालनको नीति तथा पद्धति र प्रक्रियाको सूक्ष्म अध्ययन गर्दछ (खनाल, २०७६) । यस अनुसन्धान कार्यमा न्यायिक समितिका संयोजक, पूर्वसंयोजक तथा न्यायिक समितिबाट न्याय सम्पादन गरिएका दुई जना उजुरीकर्ता र न्यायिक समितिमा काम गर्ने एक जना कर्मचारीलाई उद्देश्यमूलक नमुना छनोट विधिद्वारा छनोट गरिएको छ। यसका साथै अध्ययनमा प्राथमिक र द्वितीय दुवै श्रोतको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । अध्ययनमा प्रत्यक्ष अन्तर्वार्ता र टेलिफोन वार्ताबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ भने द्वितीय तथ्याङ्क सङ्कलनका लागि पुस्तकालय अध्ययन विधि प्रयोग गरिएको छ । अध्ययन कार्यमा सङ्कलित तथ्याङ्कलाई एकीकृत गरी उद्देश्यानुसार उपशीर्षक बनाई विश्लेषण गरिएको छ ।

## अध्ययनको परिसीमा

सीमित समय, स्रोत तथा साधनको कारणले गर्दा यस अध्ययनलाई गोरखा जिल्लामा रहेका ११ वटा स्थानीय तह मध्येको एउटा तह (गोरखा नगरपालिका) मा मात्र सीमित गरिएको छ । यस अध्ययनलाई गोरखा नगरपालिकाको न्यायिक समितिका संयोजक र पूर्वसंयोजक तथा न्यायिक समितिमा कार्यरत एक जना कर्मचारी एवम् विवाद निरूपण भइसकेका दुई जना व्यक्तिमा सीमित गरिएको छ। यसका अतिरिक्त यो अध्ययन छानिएका व्यक्तिहरूसँगको अन्तर्वार्तामा मात्र सीमित गरिएको छ ।

## नतिजा र विश्लेषण

यस अनुसन्धान कार्यमा सङ्कलन गरिएका तथ्याङ्कहरूलाई व्यवस्थित रूपमा व्याख्या तथा विश्लेषण गर्ने

क्रममा अनुसन्धानात्मक प्रश्नलाई आधार बनाई आशयको निर्माण गरिएको छ। प्राप्त सूचनाहरूको विश्लेषणलाई सिलसिलाबद्ध गरी क्रमशः प्रस्तुत गरिएको छ।

## न्यायिक समितिको न्यायसम्पादनको अवस्था

गोरखा नगरपालिकाको न्यायिक समितिले के कसरी न्याय सम्पादन गरिरहेको छ ? न्यायिक समितिका क्षेत्राधिकार तथा कार्यविधिको परिपालना र प्रयोग के कसरी गरिएको छ ? उक्त समितिमा के कस्ता उजुरी दर्ता भए ? दर्ता भएका उजुरीको कार्य सम्पादन कसरी गरियो ? भन्ने प्रश्नहरूमा आधारित रहेर प्राप्त तथ्याङ्कलाई यस खण्डमा केलाइएको छ ।

## न्यायिक समितिको अधिकार क्षेत्र

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ मा न्यायिक समितिको अधिकारक्षेत्र तोकिएको छ। न्यायिक समितिअन्तर्गत दुई प्रकारका अधिकार क्षेत्र छन्। मेलमिलाप हुन नसकेमा आफैँले (कारबाही र किनारा) निरूपण गर्ने मुद्दा वा विवादहरूअन्तर्गत आली धुर, बाँधपैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग, अर्काको बाली नोक्सानी गरेको, चरन, घाँस, दाउरा, ज्याला मजदुरी नदिएको, घरपालुवा पशुपक्षी हराएको वा पाएको, जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको, नाबालक छोराछोरी वा पति पत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दिक्षा नदिएको वार्षिक पच्चीस लाख रूपियाँसम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा, आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको, सँधियारको जग्गातर्फ झ्याल राखी घर बनाउनुपर्दा कानुनबमोजिम छोड्नुपर्ने परिमाणको जग्गा नछोडी बनाएको, कसैको हक वा स्वामित्वमा भएपनि परापूर्वदेखि सार्वजनिक रूपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्येष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएको, सङ्घीय वा प्रदेश कानुनले स्थानीय तहबाट निरूपण हुने भनी तोकेका अन्य विवादहरू रहेका छन् (स्थानीय सरकार सञ्चालन ऐन, २०७४)।

न्यायिक समितिले मेलमिलापको माध्यमवाट मात्र निरूपण गर्ने मुद्दा वा विवाद अन्तर्गत सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकको हकको जग्गा अर्कोले च्यापी, मिची वा घुसाई खाएको, सरकारी, सार्वजनिक वा सामुदायिकबाहेक आफ्नो हक नपुग्ने अरूको जग्गामा घर वा कुनै संरचना बनाएको, पतिपत्नीबिचको सम्बन्ध बिच्छेद, अङ्गभङ्ग बाहेकको बढीमा १ वर्षसम्म कैद हुनसक्ने कुटपिट, गाली बेइज्जती, लुटपिट, पशुपक्षी छाडा छाडेको वा पशुपक्षी राख्दा वा पाल्दा लापरवाही गरी अरूलाई असर पारेको, अरूको आवासमा अनधिकृत प्रवेश गरेको, अर्काको हकभोगमा रहेको जग्गा आवाद वा भोगचलन गरेको, ध्वनिप्रदूषण गरी वा फोहरमैला फालेर छिमेकीलाई असर पुऱ्याएको, प्रचलित कानुनबमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने विवादहरु (स्थानीय सरकार सञ्चालन ऐन, २०७४) यस अन्तर्गत राखिएका छन्।

नागरिकहरूको जीउधन, समानता, स्वतन्त्रताको रक्षाको लागि आवश्यकताको आधारमा अन्तरिम संरक्षणात्मक आदेश गर्न सक्ने अधिकार पनि न्यायिक समितिलाई दिइएको छ। जस अन्तर्गत समितिले (क) पीडितलाई बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न र शिष्ट व्यवहार गर्न (ख) पीडितलाई चोटपटक लागेको भए उपचार गराउन (ग) पीडितलाई अलग बसोबास गराउनुपर्ने देखेमा सो प्रबन्ध गर्न र अलग बस्दा भरणपोषणको व्यवस्था गर्न (घ) पीडितलाई गाली गलौज नगर्न, धम्की नदिन वा असभ्य व्यवहार नगर्न र (ङ) पीडितको हित र सुरक्षाका लागि अन्य उपर्यक्त आवश्यक व्यवस्था गर्ने आदेशहरू समाविष्ट छन् (श्रेष्ठ, २०६६)।

माथि तोकिएका क्षेत्रहरूमा गोरखा नगरपालिकाको न्यायिक समितिले घर जग्गा भोगचलन, ज्याला मजदुरी, घर भाडा तथा रकम असुली, सम्पति फिर्ता, घरेलु हिंसा, गाली बेइज्जती, लेनदेन लगायतका विवादहरूको सुनुवाई गरेको पाइन्छ। यसका साथै न्यायिक समितिले लेनदेनका विवादहरू पनि हेरेको पाइयो। न्यायिक समितिलाई लेनदेनका विवादहरू सुनुवाई गर्ने क्षेत्राधिकार छैन। यसबाट न्यायिक समिति गम्भीर बन्न नसकेको र समितिमा

कार्यसम्पादन क्षमताको अभाव रहेको पुष्टि हुन्छ । क्षेत्राधिकार नै नभएको विवाद हेर्ने अधिकार कोही कसैलाई पनि हुँदैन ।

## स्थानीय न्यायिक समितिमा न्याय सम्पादन प्रक्रिया वा कार्यविधि

गोरखा नगरपालिकाको न्यायिक समिति समक्ष आएका उजुरीहरू दर्ता गर्ने, दर्ता गरेर निस्सा दिने, विवादको अर्को पक्षलाई म्याद काट्ने, पक्ष उपस्थित भए पछि उजुरीहरूको प्राथमिकीकरण गर्ने, छलफलको लागि समय तोक्ने, छलफल सुरू गर्नु पहिले पक्षहरूलाई सामान्य नियमहरूको बारेमा जानकारी गराई विश्वस्त पार्ने र प्रक्रिया अगाडि बढाउने काम गरिन्छ (कर्मचारी, न्यायिक समिति सचिवालय, व्यक्तिगत सञ्चार, १६ साउन २०७९) । विवादको प्रकृति र आवश्यकता हेरेर वडा मेलमिलाप केन्द्रमा पठाउने र वडाको मेलमिलाप केन्द्रले प्रतिवेदन सहित न्यायिक समितिमा फिर्ता गरेको पाइन्छ । पालिकामा पनि न्यायिक समिति रहने भएकाले दुवै प्रकृतिका विवादहरू मेलमिलापबाट निरूपणको लागि अधिकतम प्रयास हुने गरेको देखिन्छ । मिलापत्र हुन नसकेको अवस्थामा विवादित पक्षका साक्षी, प्रमाण बुझेर न्यायिक समितिले मुद्दा निरूपण गरेको पाइन्छ । गोरखा नगरपालिकाको न्यायिक समितिले उल्लिखित प्रक्रिया अपनाएर न्याय सम्पादन गर्दै आएको पाइयो । गोरखा नगरपालिकामा रहेका १४ वटै वडामा मेलमिलाप केन्द्र गठन भइसकेको, न्यायिक समितिमा मेलमिलापकर्ताहरूलाई सूचीकृत गरिएको र न्यायिक समितिको कार्यविधि बनाई कार्यान्वयनमा ल्याइएको छ । समितिलाई कानुनले प्रदान गरेका दुवै क्षेत्राधिकार भित्रका विवादहरूको अभ्यास गरिएको छ । विवाद दर्ता भएपछि एक अर्को पक्षका वीचमा टकरावहरू बढेर जाने, शत्रुता कायम भई मेलमिलापको सम्भावना हटेर जाने हुँदो रहेछ । त्यही भएर कतिपय विवादहरू दर्ता नगरी मेलमिलाप गराएको अनुभव सहित आफूले गरेका कामको सङ्क्षिप्त जानकारी उपाध्यक्षले गराउनुभयो (पूर्व उपाध्यक्ष, व्यक्तिगत सञ्चार १७ साउन २०७९) । यस पालिकामा नगर प्रहरीको व्यवस्था नभएकाले केही विवादका पक्षहरूलाई अटेर गरेर समितिमा उपस्थित नहुने र आफ्नो सुरक्षा निकाय परिचालन गरेर उपस्थित गराउन नसकिएको कारणले गर्दा आफू पनि असुरक्षित भएको महसुस भएको र न्यायिक समितिले गरेका निर्णयहरू तथा संरक्षणात्मक आदेश कार्यान्वयन गर्न ज्यादै कठिन भएको (पूर्व उपाध्यक्ष, व्यक्तिगत सञ्चार १७ साउन २०७९) कुरा बताउनु हुन्छ ।

## गोरखा नगरपालिका न्यायिक समितिमा आ.व.०७८/०७९ मा दर्ता भएका विवाद र सम्पादित कार्य विवरण

गोरखा नगरपालिका न्यायिक समितिमा आ.व.०७८/०७९ मा दर्ता भएका विवाद र सम्पादित कार्य विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका -१**

गोरखा नगरपालिका न्यायिक समितिमा आ.व.०७८/०७९ मा दर्ता भएका विवाद र सम्पादित कार्यविवरण

| क्र.सं. | विवरण | उजुरी दर्ता संख्या | मिलापत्र भएका विवाद | निरूपण गरिएका विवाद | सहमति भएका विवाद | प्रक्रियामा रहेका विवाद | अन्य निकायमा गएका विवाद | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | घर/जग्गा भोगचलन सम्बन्धी | १४ | २ | ५ | १ | ४ | २ | |
| २. | घरभाडा तथा रकम असुल उपर सम्बन्धी | २ | | १ | | १ | | |
| ३. | खानलाउन नदिएको र हिंसा गरेका उजुरी | ३ | | २ | | १ | | |
| ४. | रकम लेनदेन | ७ | १ | ३ | | ३ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५. | आमा बच्चा स्वीकार गरी निर्वाह खर्च भराई पाऊँ भन्ने उजुरी | १ | १ | | | | | |
| ६. | विविध प्रकृतिका अन्य उजुरी(विमा रकम दावा, कुखुरा फर्म हटाउने, कुटपिट, माटो हटाउन लगाउने, सामान फिर्ता, मोटरबाटो ट्र्याक विवाद आदि) | ६ | १ | २ | | २ | १ | |
| | **जम्मा** | **३३** | **५** | **१३** | **१** | **११** | **३** | |

**स्रोतः वार्षिक नगरविकास योजना (२०७८/०७९)**

तालिका-१ मा प्रस्तुत गरिए अनुसार गोरखा नगरपालिकाको न्यायिक समितिमा आ.व. ०७८/०७९ मा जम्मा ३३ वटा विवादहरू दर्ता भएका र ती विवादहरूको न्यायिक सम्पादन गरिएको तथ्याङ्कको आधारमा न्यायिक समितिको कार्यसम्पादन प्रक्रिया प्रष्ट देखिन्छ। यसले न्यायिक समितिको कार्य सम्बन्धी एउटा दृष्टान्त प्रस्तुत गर्दछ। गोरखा नगरपालिका न्यायिक समितिले सार्वजनिक गरेको विवरण अनुसार घर/जग्गा भोगचलन सम्बन्धी १४, घरभाडा तथा रकम असुल उपर सम्बन्धी २, खानलाउन नदिएको र हिंसा भएको ३, लेनदेनको ७ र विविध प्रकृतिका ६ सहित जम्मा ३३ विवाद दर्ता भएकोमा ५ वटामा मिलापत्र भएको, १३ वटा विवादको निरूपण गरिएको, एउटामा सहमति कायम भएको र प्रक्रियामा रहेका ११ वटा विवाद देखिन्छन्। यसरी न्यायिक समितिमा आएका मध्ये ३ वटा उजुरी अन्य निकायमा गएको देखिन्छ। न्यायिक समितिले ५ वटा विवाद मिलापत्र गराएको र १३ वटा विवादको निरूपण गरेको छ। न्यायिक समितिले मेलमिलापलाई अझ जोड दिनुपर्ने देखिन्छ। त्यसमा पनि धेरै विवादहरू विवादित पक्षहरूका बिच मिलापत्रको माध्यमबाट र सहमतिको साथ गर्न सकियो भने यो दीर्घकालीन समाधान हुन्छ र समाजमा यसले सकारात्मक प्रभाव पार्दछ। यसरी विवादले निकास पाउनु भनेको एक पक्षले जित्नु र अर्को पक्षले हार्नु नभई दुवै पक्षले जित्नु हो। कानुनको क्षेत्रमा मिलापत्र, मेलमिलाप तथा सहमतिको माध्यमबाट समस्याको निकास निस्कियो भने त्यसलाई दुवै पक्षको विजयको सिद्धान्त (विन एन्ड विन थ्यौरी) को प्रयोग भएको मानिन्छ (अधिकारी, २०२२)। साथै समितिको कार्य सफलतामा मात्र सीमित नरही जनताको पहुँचमा न्याय पुग्ने कुरा र झन्झटिलो अदालती प्रक्रिया, मुद्दाको चाप र समयको बरबादीबाट जनताले मुक्ति पाउनु पनि हो।

## न्यायिक समितिबाट गरिएको न्याय निरूपणको प्रभाव

गोरखा नगरपालिकाको न्यायिक समितिका के कस्ता कठिनाइ र समस्याहरू छन् र न्याय सम्पादनपछि समाजमा यसको केकस्ता प्रभाव देखिएका छन् भन्ने प्रसङ्गहरूलाई यहाँ प्रस्तुत गरिएको छ।

### सामाजिक प्रभाव

स्थानीय तहमा न्यायिक समितिले विवादहरू निरूपण गर्न थालेपछि यसले गरेका कार्यहरूको चर्चा परिचर्चा समाजमा हुन थालेका छन्। न्यायिक समितिले मेलमिलापको माध्यमबाट न्याय निरूपण गर्ने भएकाले विवादका पक्षहरूका बिचको तिक्तता सामान्यीकरण हुँदै गएको र सम्बन्धमा केही सुधारहरू देखिनुका साथै समाजमा हुने सामाजिक द्वन्द्वहरू घट्दै र कमजोर हुँदै जान थालेको आफ्नो न्यायिक समितिमा रहेर काम गर्दाको अनुभव र न्यायिक समितिको जिम्मेवारी सकिएपछि समाजसँगको साक्षात्कारबाट जानकारी हासिल गरेको (पूर्व उपाध्यक्ष, व्यक्तिगत सञ्चार, १७ साउन २०७९) कुरा बताउनु हुन्छ। न्यायिक समितिले गरेका कार्यहरूबाट समाजमा धेरै सकारात्मक प्रभावहरू परेको भए पनि केही नकारात्मक प्रभाव पनि परेको देखिन्छ। जसको ज्वलन्त उदाहरणको रूपमा घरजग्गा भोगचलन सम्बन्धी विवादका पीडितलाई आस्थाको आधारमा व्यवहार गरिएको र कानुनको ज्ञान नभएको साथै कानुनको विधि र प्रक्रियाको प्रयोग नगरिएको, हेलचेक्र्याइँ गरिएकोले न्यायिक समितिमा टुङ्गो लाग्नुपर्ने विवाद ज्युँका त्युँ रह्यो र अन्य निकायमा जानु परेकोले चरम मानसिक तनाव

झेल्नु परेको (उजुरी दर्ता गरेका पीडितसँग व्यक्तिगत सञ्चार, १६ साउन २०७९) गुनासो पीडितको रहेको छ ।

## आर्थिक प्रभाव

न्यायिक क्षेत्र ज्यादै खर्चिलो रहेको, बिचौलियाहरूले चलखेल गर्ने गरेका र सर्वसाधारणको पहुँचमा नरहेको गुनासो सर्वत्र सुन्दै आइएको छ । यस्ता असहजताको अन्त्य गरी न्यायमा नागरिकको सहज र सरल रूपमा पहुँच अभिवृद्धि गर्न, कम खर्च र समयमा न्याय प्रदान गर्न, विवादको दीर्घकालीन र सरल रूपमा समाधान खोज्न, सामाजिक सद्भाव र सहिष्णुता बलियो बनाउन, सामान्य खालका तर त्यतिकै महत्वका विवादहरू स्थानीय स्तरमा नै टुङ्गो लगाउन न्यायिक समितिलाई अधिकार दिइएको हो (...असल अभ्यास, मिति नखुलाइएको) । जस अनुसार गोरखा नगरपालिकाको न्यायिक समितिले मेलमिलाप खर्च लिन मिल्ने भए पनि हालसम्म पक्षवाट शुल्क नलिएको, कतिपय विवादमा फिल्डमा जाँदाको खर्च कार्यालयले नै व्यहोर्ने गरेको पक्षहरूवाट रकम नलिएको, निवेदनको ढाँचा समेत उपलब्ध गराउँदै आएको र धेरै हद सम्म अत्यन्त न्यून खर्चमा, निष्पक्ष, सरल र सहज रूपमा न्याय सम्पादनको काम गर्ने प्रयास गरेको कुरा न्यायिक समितिका संयोजकको रहेको छ । न्यायिक समितिमा उजुरी दर्ता गराएका एक पीडितको भोगाइले पनि न्यायिक समितिका संयोजकले भनेका कुरालाई पुष्टि गर्छ । पीडितले न्यायिक समितिमा उजुरी दर्ता गराए र विवाद टुङ्गो लाग्दा सम्म आफुले कठोर परिश्रम गरेर कमाएको रकम अनावश्यक रूपमा खर्च गर्नु परेन, वर्षौं मुद्दामा अल्झिनु परेन, बिचौलियाको शोषणमा पर्ने अवस्था नरहनु यो न्याय प्रणालीका सकारात्मक पक्षहरू हुन् (उजुरी दर्ता गरेका पीडितसँग व्यक्तिगत सञ्चार, १६ साउन २०७९ ) । यस अर्थमा न्यायिक समितिको कार्य सरल र प्रक्रिया जनसाधारण मैत्री रहेको पाइन्छ ।

## सामाजिक चेतना र जनसहभागितामा अभिवृद्धि

न्यायिक समितिको उद्देश्य र भूमिकाका सम्बन्धमा सचेतना जगाउन तथा स्थानीय तहका विवादहरू समाधान संयन्त्रमा व्यापक जनसहभागिता वृद्धि गर्न न्यायिक समितिको उल्लेख्य भूमिका रहन्छ । समाजमा सञ्चालित सामुदायिक रेडियो, एफएम, स्थानीय पत्रपत्रिका, विभिन्न गोष्ठी तथा अन्तरक्रियाका माध्यमबाट आफ्ना काम एवम् अनुभवहरू आदान प्रदान भएको र सामाजिक सञ्जालको माध्यमबाट सामुदायिक सहभागिता प्रवर्द्धन भएको पाइन्छ तर गोरखा नगरपालिकाको न्यायिक समितिको यस किसिमको सक्रियता प्रत्यक्ष रूपमा नदेखिए पनि क्रमिक रूपमा सुधारोन्मुख देखिन्छ । पछिल्लो चरणमा यहाँको न्यायिक समितिमा उजुरी सङ्ख्यामा वृद्धि हुँदै गएकोले नागरिकहरूले जानकारी प्राप्त गरेका र सहभागिता बढ्दै गएको पाइन्छ । न्यायिक समितिमा उजुरी दर्ता गराएका एक व्यक्तिले आफूले छरछिमेकी, आफन्त र चिनेजानेसम्म सबैलाई कुनै समस्या परेमा पहिले न्यायिक समितिमा जान सल्लाह दिने गरेको कुरा बताउनु हुन्छ । स्थानीय न्यायिक समितिमा साना विवाद र मुद्दाहरू उलेख्य रूपमा दर्ता हुन र समाधान हुन थालेको पाइयो । यस प्रकृतिका मुद्दामा पहिले न्यायको खोजीमा प्रहरी कार्यालय र अड्डा अदालत धाउनु पर्दथ्यो भने वर्तमान समयमा त्यसको अन्त्य भएको देखिन्छ ।

## न्यायिक समिति र यसमा शक्ति पृथकीकरणको प्रभाव

न्यायिक समिति गम्भीर नबनेको र कार्यक्षमताको अभावको कारणले न्यायिक समितिमा टुङ्गिने विवादहरू अदालत पुग्ने गरेका छन् । विवादका पक्षहरूको अनुभव के छ भने न्यायिक समितिमा राजनीतिक आस्थाको आधारमा व्यवहार हुने गरेको तथा विधि र प्रक्रिया अवलम्बन नगरिएको (साँधसीमाना सम्बन्धी विवादको उजुरीकर्तासँगको व्यक्तिगत सञ्चार, १६ साउन २०७९) भन्ने रहेको छ । यस प्रकारका नकारात्मक कुराहरू बाहिर आएको परिणामस्वरूप न्यायिक समितिको भूमिका र प्रभाव जनसमुदायमा फितलो रहेको पाइन्छ । जनसमुदाय, नागरिक समाज साथै न्यायिक र अर्धन्यायिक निकायसँग न्यायिक समितिको सम्पर्क र समन्वय हुन नसकेकोले सकारात्मक पक्षको प्रवाह भन्दा नकारात्मक पक्षहरू बाहिर आएको पाइन्छ । न्यायिक समितिलाई जुन रूपमा अधिकारले सम्पन्न बनाउनु पर्ने हो सो अनुसार हुन सकेको पाइँदैन । यस किसिमको शक्तिको कमजोर पृथकीकरणले निष्पक्षता तथा कानुनको दृष्टिमा नै सबै समान हुने विषयमा शङ्का जन्माएको पाइन्छ ।

उपाध्यक्ष/उपप्रमुख राजनीतिक आबद्धताको कारण स्थानीय तहमा विवाद समाधानको प्रक्रियामा राजनीतिक तथा अन्य दबाबको कारण राजनीतिकरण भएको समेत पाइयो । यसले स्थानीय तहको नेतृत्व, यसको प्रभावकारिता, विश्वसनीयता तथा राजनीतिक भविष्यमा साथै न्याय खोज्ने व्यक्तिमा नकारात्मक असर पार्दछ ।

## निष्कर्ष

अध्ययनको प्राप्तिलाई केलाउँदा गोरखा नगरपालिकाको न्यायिक समितिले नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेका केही अधिकारहरू बाहेक धेरै अधिकारहरू कार्यान्वयनमा ल्याएको देखिन्छ। ५ वर्षको कार्यकालमा समितिको छुटै इजलास बनेको छ र गोरखा नगरपालिकाका १४ वटै वडामा मेलमिलाप केन्द्र गठन भइसकेका छन् । न्यायिक समितिमा मेलमिलापकर्ताहरूलाई सूचीकृत गरिएको छ र न्यायिक समितिको कार्यविधि बनाई कार्यान्वयनमा ल्याइएको छ। समितिलाई कानुनले प्रदान गरेका दुवै प्रकारको क्षेत्राधिकार भित्र रहेर विवादहरूको व्यवस्थापन गरेको देखिन्छ। यद्यपी सीमित अधिकारको कारणले अपेक्षित न्याय सम्पादन हुन नसकेको न्यायिक समितिका सदस्यहरूको धारण छ। शक्तिपृथकीकरण र अधिकारको प्रत्योजन लोकतन्त्रको महत्वपूर्ण पक्ष हो भन्ने Diamond को धारणा जस्तै न्यायिक समितिलाई थप अधिकार प्रत्यायोजन गर्न सकिएको खण्डमा लोकतान्त्रिक पद्धतीबाट न्याय निरूपणको अभ्यास हुने थियो। आफूले निर्वाचित गरेका परिचित जनप्रतिनिधिको पहल र उनीहरूको रोहवरमा मेलमिलापको माध्यमबाट विवाद निरूपण हुने गरेकोले सामाजिक तथा पारिवारिक सम्बन्ध सुदृढ हुँदै गएको, पीडितले विवाद लिएर प्रहरी र अदालत सम्म धाउनुपर्ने अवस्था अन्त्य हुँदै गएको, अनुत्पादक खर्च, दुःख, हैरानी तथा मानसिक तनाव कम भएको र विवाद निरूपण छिटो छरितो रूपमा हुने गरेको पाइन्छ। श्रेष्ठ (२०६६) ले भने अनुसार सार्वजनिक सेवा प्रवाह सहभागितामुलक र प्रभावकारी हुनु पर्नेमा प्रशिक्षण तथा कानुनको आवश्यक पूर्वज्ञानको कमीले न्याय सम्पादन प्रक्रिया अध्ययनमा समेटिएका स्थानीय तहमा प्रभावकारी हुन सकेको छैन ।

न्यायिक समितिका संयोजक र सदस्यमा न्यायिक कार्य सम्पादन गर्नको लागि कानुनी ज्ञान, अनुभव तथा क्षमताको न्यूनता रहेको देखिन्छ । न्यायिक समितिले एक जना कानुन अधिकृतसम्म पनि राख्न सकेको छैन भने कानुनी सल्लाहकार पनि नराखिएकाले समस्या परेको बखत व्यक्तिगत रूपमा कानुन व्यवसायीसँग सम्पर्क गरी परामर्श लिने गरेको देखिन्छ। न्यायिक समिति संयोजक र सदस्यहरू दलगत राजनीतिबाट निर्वाचित भएर आउने भएकाले सामाजिक तथा राजनीतिक पूर्वाग्रहको सम्भावना रहन सक्छ। तसर्थ न्याय सम्पादन कार्यको लागि न्यायिक मन, तटस्थता र निष्पक्षता आवश्यक छ। Kenton (2021) का अनुसार अधिकार व्यक्तिमा सीमिति हुनु भनेको न्याय स्वतन्त्रता र समानताको अन्त्य हुनु हो। दलतगत राजनीति व्यक्ति केन्द्रित निर्णय र स्वेच्छाचारी प्रवृत्तिले उजुरीकर्ता सबैको न्याय स्वतन्त्रता र समानताको रक्षा हुन नसकेको देखिन्छ। छलफलमा प्राप्त जानकारी अनुसार निर्वाचित दलको कार्यकर्ता वा क्रियाशील सदस्यको विवाद रहेछ भने उनीहरूले नटेर्ने र अर्को पक्ष वा दलकोले थर्काउने, एकपक्षीय व्यवहार भएको भनेर विश्वास नगर्ने जस्ता समस्या झेल्नु परेको अनुभवले पूर्वाग्रहको सम्भावनालाई थप पुष्टि गर्दछ। स्थानीय सरकार भएकाले सबै मुद्दाहरू न्यायिक समितिले हेर्नुपर्छ भन्ने मान्यता नागरिकको रहेको र सो अनुसार आफ्नो क्षेत्राधिकारभन्दा बाहिर गएर उजुरी दर्ता भएको साथै समितिले पनि यस सम्बन्धमा सुनुवाई गरेको पाइन्छ । यद्यपि सुनुवाई कसरी गर्ने, तारिख तोक्ने कार्यविधि, म्याद पठाउने, फिराद, प्रतिउत्तरका ढाँचा, फैसला र मिलापत्र लेख्ने र कागजात राख्ने विषयमा स्वयम् न्यायिक समितिमा अन्यौलताहरू रहेको देखिन्छ। अतः न्यायनिरूपण प्रक्रियामा रहेका समस्याहरू समाधानका लागि न्यायिक समिति, कर्मचारी र मेलमिलापकर्तालाई केन्द्रित गरेर तालिम, क्षमता विकास र अनुभव आदान प्रदान गरी उनीहरूलाई सक्षम र सक्रिय बनाउन आवश्यक देखिन्छ।

*(**श्री रमेश अधिकारी**, त्रिभुवन विश्वविद्यालयको उपप्राध्यापक हुनुहुन्छ। गोरखा क्याम्पस, गोरखाको सामाजिकशास्त्र शिक्षण विभागमा प्राध्यापनरत अधिकारी संघीय शासन प्रणाली र यस प्रणालीमा अवलम्वन गरिएको कानुनी पद्धतीको क्षेत्रमा विशेष दखल राख्नुहुन्छ। उहाँका अनुसन्धानमूलक लेखहरू विभिन्न जर्नलमा प्रकाशित भएका छन्।)*

## सन्दर्भ सामग्री


खनाल, पेशल (२०७३), *शैक्षिक अनुसन्धान पद्धति,* सनलाईट पब्लिकेसन, कीर्तिपुर काठमाडौं ।

नेपाल सरकार (२०७२), *नेपालको संविधान २०७२,* काठमाडौ : कानुन, न्याय तथा संविधानसभा तथा सङ्घीय मामिला मन्त्रालय, कानुन किताब व्यवस्था समिति ।

नेपाल सरकार (२०७४), *स्थानीय सरकार सञ्चालन ऐन २०७४,* काठमाडौं : कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानुन किताब व्यवस्था समिति ।

खनाल, कृष्ण (२०६१), *राज्यको पुनर्संरचनाः एक प्रस्ताव,* ललितपुरः नेपाल समसामयिक अध्ययन केन्द्र ।

श्रेष्ठ, श्याम (२०६६), *नेपालको नयाँ संविधानः नयाँ राज्य संरचना,* काठमाडौं अफिस सपोर्ट सर्भिस सेन्टर छापाखाना प्रा.लि. ।

मिश्र, चैतन्य (२०६१), *अबको राज्य संरचना कस्तो हुनुपर्छ ? मूल्याङ्कन,* मासिक अंक ११८ ।

नेपाल नगरपालिका सङ्घ (मिति नखुलाइएको), *न्यायिक समितिका असल अभ्यासहरू,* वि.सी. प्रिन्टिङ सर्भिस काठमाण्डौ ।

*न्यायको पहुँचमा देखिएका कानुनी तथा प्रक्रियागत अवरोधक तत्त्वहरू पहिचान विषयक प्रतिवेदन (२०७७),* काठमाडौं : सर्वोच्च अदालत ।

श्रेष्ठ, तिलप्रसाद र वाग्ले, नमित (मिति नखुलाइएको), *नेपालमा न्यायिक समिति नजिकबाट नियाल्दा* : काठमाडौं : नेपाल कानुन समाज ।

अधिकारी, रमेश (२०२२), *स्थानीय तहको शासकीय अभ्यासः एक अध्यय, द एजुकेटर जर्नल, १०* (१) पृपृ.९-१६ ।

गोरखा नगरपालिका (२०७८), *वार्षिक नगरविकास योजना, ५* (१) , नगरपालिका कार्यालय ।

The government of philipinnes. (1991). *Local goverment Act.* Department of law.

श्रेष्ठ, अनिलकुमार र उप्रेती, निर्मल (२०७५), *स्थानीय सरकार सञ्चालन सम्बन्धी आधारभूत जानकारी पुस्तिका।*

श्रेष्ठ, नारायण (२०७४), *स्थानीय सरकार सञ्चालन ऐन, स्थानीय तहसँग सम्बन्धित केही ऐन, नियमको टिप्पणीसहित ।* पैरवी प्रकाशन।

Dahl, R. A. (1989). *Democracy and its critics.* Yale University Press.

Joshi, B.L.& Leo, E.R. (2004). D*emocratic innovation Nepal.* Mandala Publication.

Rondinelli, D. A. (1983). *Decentralization of Development Administration in East Africa, Decentralization and Development.* SAGE Publication.

Kenton, W. (2021). Sepetation of power, *The Journal of Economic Government and Power,*12 (3), 32-39.

Diamond, L. (2004). *Why decentralization power in a democracy¿* Stanford university Press.